चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८३/०३/१० गते

समय :- बिहान ठीक १०:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ६२ **औं बैठक** का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा (बि.एम.) | का.बा. नगर प्रमुख | |
| २ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ३ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ४ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ५ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ६ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ७ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ८ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| ९ | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| १० | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| ११ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १२ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १३ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १४ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १५ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १६ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १७ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १८ | भिमा थापा | कार्यपालिका सदस्य | |
| १९ | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २० | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २१ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २२ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २३ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २४ | रामप्रसाद शर्मा | सचिव | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

## मिति २०८३ असार १० गतेको ६२ औं नगर कार्यपालिका बैठकका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | नीति तथा कार्यक्रम नगरसभामा पेस गर्ने सम्बन्धमा। | **नीति तथा कार्यक्रमको** मस्यौदालाई नगरसभामा पेस गर्न स्वीकृत दिने। | |
| २ | प्रगति र आयव्यय नगरसभामा पेस गर्ने सम्बन्धमा। | मिति २०८२ साउन १ गतेदेखि हालसम्म हासिल गरेको **प्रगति र आयव्ययमा** छलफल गरी आगामी नगरसभामा अनुमोदनका लागि पेस गर्न स्वीकृत दिने। | |
| ३ | अर्थ विधेयक, २०८३ नगरसभामा पेस गर्ने सम्बन्धमा। | चौरजहारी नगरपालिकाको **अर्थ विधेयक, २०८३** नगरसभामा पेस गर्न स्वीकृत दिने। | |
| ४ | विनियोजन विधेयक, २०८३ नगरसभामा पेस गर्ने सम्बन्धमा। | चौरजहारी नगरपालिकाको **विनियोजन विधेयक, २०८३** नगरसभामा पेस गर्न स्वीकृत दिने। | |
| ५ | मध्यकालीन खर्च नगरसभामा पेस गर्ने सम्बन्धमा। | चौरजहारी नगरपालिकाको **आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ को मध्यकालीन खर्च** नगरसभामा पेस गर्न स्वीकृत दिने। । | |
| ६ | बजेट तथा कार्यक्रम नगरसभामा पेस गर्ने सम्बन्धमा। | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को **बजेट तथा कार्यक्रमको** मस्यौदा नगरसभामा पेस गर्न स्वीकृत दिने। | |
| ७ | कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा। | **कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८३** स्वीकृत गरी सोही कार्यविधि बमोजिम कर्मचारी कल्याण कोष सञ्चालन तथा कार्यान्वयन गर्ने। | |
| ८ | नागरिक सहभागिता तथा सार्वजनिक जवाफदेहिता कार्यविधि, २०८३ सम्बन्धमा। | चौरजहारी नगरपालिकाको **नागरिक सहभागिता तथा सार्वजनिक जवाफदेहिता कार्यविधि, २०८३** स्वीकृत गरी सोही कार्यविधि बमोजिम कार्यान्वयन गर्ने। | |
| ९ | विविध सम्बन्धमा। | चौरजहारी नगरपालिका नगर कार्यपालिकाको अर्को बैठक बस्ने मिति तोक्ने । | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

## मिति २०८३/०३/१० गतेको ६२ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं.१: नीति तथा कार्यक्रम नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ मा चौरजहारी नगरपालिकाको नीति तथा कार्यक्रमलाई चौरजहारी नगरपालिकाको सापेक्षतामा स्तरीय, जनमुखी र परिणामुखी बनाउन सरोकारवालाहरूको समेत सहभागीमा प्राप्त सुझावहरूसमेत समावेश गरी तयार गरिएको **नीति तथा कार्यक्रमको** मस्यौदालाई नगरसभामा पेस गर्न स्वीकृत दिने।

**निर्णय नं. २: प्रगति र आयव्यय नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको परिधीमा रही सञ्चालन गरेका कार्यक्रमको आधारमा मिति २०८२ साउन १ गतेदेखि हालसम्म हासिल गरेको **प्रगति र आयव्ययमा** छलफल गरी आगामी नगरसभामा अनुमोदनका लागि पेस गर्न स्वीकृत दिने।

**निर्णय नं. ३: अर्थ विधेयक, २०८३ नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वनयको लागि स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने र आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने उद्देश्यले तयार गरिएको चौरजहारी नगरपालिकाको **अर्थ विधेयक, २०८३** नगरसभामा पेस गर्न स्वीकृत दिने।

**निर्णय नं. ४: विनियोजन विधेयक, २०८३ नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न यस चौरजहारी नगरपालिकाको **विनियोजन विधेयक, २०८३** नगरसभामा पेस गर्न स्वीकृत दिने।

**निर्णय नं. ५: मध्यकालीन खर्च नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा सार्वजनिक खर्च प्रणाली वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्त्व, विकास योजनाहरूको प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चता, स्रोत साधनको विनियोजन प्रक्रियाको पुर्नसंरचना र प्राथमिकता निर्धारण, सार्वजनिक खर्चलाई प्रभावकारी र कुशल बनाउनका लागि तयार गरिएको यस चौरजहारी नगरपालिकाको **आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ को मध्यकालीन खर्च** नगरसभामा पेस गर्न स्वीकृत दिने। ।

**निर्णय नं. ६: बजेट तथा कार्यक्रम नगरसभामा पेस गर्ने सम्बन्धमा** छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमसँग अन्तरसम्बन्धित हुने गरी चौरजहारी नगरपालिका क्षेत्रभित्रको समग्र आवश्यकता र जनअपेक्षा बढीभन्दा बढी सम्बोधन गर्ने गरी सरोकारवालाका प्राप्त सुझावसमेतलाई समेटी तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४

को **बजेट तथा कार्यक्रमको** मस्यौदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम कार्यपालिका सदस्य तथा वडाअध्यक्ष श्रीकृष्ण शर्मालाई नगरसभामा पेस गर्न स्वीकृत दिने।

<u>निर्णय नं. ७:</u> **कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकामा कार्यरत कर्मचारीहरूको हित संरक्षण, पेशागत सुरक्षा, जोखिम व्यवस्थापन तथा कल्याणसम्बन्धी कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कर्मचारी कल्याण कोष स्थापना तथा सञ्चालनका लागि आवश्यक **कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८३** स्वीकृत गरी सोही कार्यविधि बमोजिम कर्मचारी कल्याण कोष सञ्चालन तथा कार्यान्वयन गर्ने।

<u>निर्णय नं. ८:</u> **नागरिक सहभागिता तथा सार्वजनिक जवाफदेहिता कार्यविधि, २०८३ सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिका स्थानीय शासनको सुनिश्चितता गर्न, पारदर्शी, जवाफदेही र सहभागितामूलक स्थानीय शासन प्रणालीको विकास गर्न, सार्वजनिक योजना तथा बजेट निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नागरिकता सुदृढ गर्न, साथै सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन, सामुदायिक अंकपत्र तथा डिजिटल नागरिक संलग्नताका माध्यमबाट नागरिक सहभागिताको अभिवृद्धि गर्न तयार गरेको चौरजहारी नगरपालिकाको **नागरिक सहभागिता तथा सार्वजनिक जवाफदेहिता कार्यविधि, २०८३** स्वीकृत गरी सोही कार्यविधि बमोजिम कार्यान्वयन गर्ने।

<u>निर्णय नं. ९:</u> **विविध सम्बन्धमा** छलफल गर्दा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको अर्को बैठक मिति २०८३/०३/११ गते बिहान ८:०० बजे बस्ने गरी आजको बैठक सम्पन्न गरियो।